# एनएलजी इन्स्योरेन्स कम्पनी लि. को
# १४औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

मिति २०७७ कात्तिक ५ गते बसेको यस कम्पनीको संचालक समितिको ३१०औं बैठकको निर्णयानुसार कम्पनीको १४औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको WEBINAR मार्फत उपस्थितीको लागी हार्दिक अनुरोध गर्दछु।

**सभा बस्ने मिति, समय र स्थान : (WEBINAR मार्फत सञ्चालन गरिने।)**

| | | |
|---|---|---|
| मिति | : | २०७७ मंसिर ५ गते शुक्रबार (तदानुसार २० नोभेम्बर २०२०) |
| समय | : | बिहान १०:०० बजे |
| स्थान | : | कम्पनीको रजिष्टर्ड कार्यालय, पानीपोखरी, काठमाण्डौं। (Meeting ID र Password कम्पनीको website मार्फत उपलब्ध गराईनेछ।) |

## छलफलका विषयहरु :

**(क) सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत हुने आ.व. २०७५/०७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी स्वीकृत गर्ने बारे।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरीएको २०७६ साल आषाढ मसान्तको वासलात, २०७५/०४/०१ देखि २०७६/०३/३१ सम्मको नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचिहरु छलफल गरी स्वीकृत गर्ने बारे।

(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७६/०७७ को लागि लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारीश्रमिक निर्धारण गर्ने।

(४) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७५/०७६ सम्मको मुनाफाबाट रु. ३७,७५,०२६/- (०.३७ प्रतिशत) नगद लाभांश स्विकृत गर्ने (प्रस्तावित बोनस शेयरमा लाग्ने कर रकमको समायोजनका लागि)।

(५) विविध।

**(ख) विषेश प्रस्ताव :**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७५/०७६ को संचीत मुनाफाबाट चुक्तापूँजी रु. १,०२,४६,५०,००० (एक अर्ब दुई करोड छयालीस लाख पचास हजार रुपैयाँ) को ७ (सात) प्रतिशतका दरले रु. ७,१७,२५,५००/- (सात करोड सत्र लाख पचीस हजार पाँच सय) बराबर वोनस शेयर वितरण गर्ने।

(२) बोनस शेयर जारी पश्चात कम्पनीको जारी तथा चूक्ता पूंजी बृद्धि भई रु. १,०९,६३,७५,५००/- (एक अर्ब नौ करोड त्रिसाठी लाख पचहत्तर हजार पाँच सय रुपैयाँ) पुग्ने हुँदा सोही अनुसार जारी तथा चूक्ता पूंजी प्रबन्धपत्रको दफा ५ (क) (ख) (ग) (घ) तथा नियमावलीमा नियम ५ (क) (ख) (ग) (घ) मा संशोधन गर्ने प्रस्ताव स्विकृत गर्ने सम्बन्धमा।

(३) समूह "ख" शेयरधनी समायोजन गर्ने सम्बन्धमा। सोही अनुसार प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने।

(४) प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायको निर्देशन अनुसार आवश्यक फेरबदल गर्नुपर्ने भएमा सञ्चालक समितिलाई अख्तियारी दिने।

(५) विविध।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## वार्षिक साधारण सभा सम्बन्धि अन्य जानकारी

१. वार्षिक साधारण सभामा उपस्थिति प्रयोजनका लागि मिति २०७७ साल कात्तिक २५ गते १ दिनका लागी कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ। शेयरधनी दर्ता किताब बन्द भएको मिति २०७७ साल कात्तिक २५ गते भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लि. मा कारोबार भई ७ कार्य दिन भित्र यस कम्पनीको शेयर रजिष्ट्रार श्री आरबिबि मर्चेण्ट बैंकिङ्ग लि., टेकु, काठमाण्डौंको कार्यालयमा प्राप्त भएको विवरणहरुको आधारमा कायम हुन आउने शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन पाइने हुदाँ सम्बन्धित शेयरधनी तथा शेयर खरिदकर्ताहरुले सोही अनुसार शेयर नामसारी गर्नुहुन अनुरोध छ।

२. यस कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत वेवीनार (WEBINAR) बाट सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछ। सभामा वेवीनार (WEBINAR) मार्फत स्वयं उपस्थीत हुन नसक्ने शेयरधनी महानुभावहरुले कम्पनीको प्रतिनिधीपत्र (प्रोक्सी फाराम) मा दस्तखत गरी प्रतिनिधी नियुक्त गर्न सक्नु हुनेछ। प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधिपत्र यस कम्पनीको शेयर रजिष्ट्रार श्री आरबिबि मर्चेण्ट बैंकिङ्ग लि., टेकु, काठमाण्डौंमा बुझाई सक्नु पर्नेछ। प्रतिनिधीपत्र दिने महानुभावको दस्तखत उपरोक्त शेयर किन्दा को अवस्थामा आफुले गरेको दस्तखत संग मिल्नु पर्नेछ। अन्यथा प्रोक्सीले मान्यता पाउने छैन।

३. प्रोक्सी दिने दाताले प्रोक्सी दिए पछि आफै उपस्थीत हुन वा प्रोक्सी वदर गर्न वा परीवर्तन गर्न चाहेमा सोको सुचना सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै यस कम्पनीको शेयर रजिष्ट्रार श्री आरबिबि मर्चेण्ट बैंकिङ्ग लि., टेकु, काठमाडौंमा दिनु पर्नेछ।

४. प्रोक्सी दोहोरो पर्न गएमा यस कम्पनीमा पहिले दर्ता गरीएको प्रोक्सीले मान्यता पाउनेछ।

५. यस साधारण सभा सम्बन्धि सूचना प्रत्येक शेयरधनी महानुभावहरुको ठेगानामा कुरीयर/हुलाक मार्फत पठाइएको छ। शेयरधनी महानुभावहरुले उक्त सूचना प्राप्त नगर्नु भएको भए यसै सूचनालाई आधारमानी सभामा उपस्थीत हुन अनुरोध छ।

६. आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन कम्पनीको website (www.nlg.com.np) मा हेर्न सकिनेछ।

७. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को कारणले अनलाईन (भर्चुअल) बाट सभामा भाग लिने व्यवस्था मिलाईएको र त्यसरी उपस्थिति भएमा समेत सभास्थलमा उपस्थित भए सरह मान्यता दिने व्यवस्था गरिएको हुदाँ कोरोना भाइरस (COVID-19) को संक्रमणबाट बच्न र बचाउन अनलाईन (भर्चुअल) माध्यमबाट उपस्थित भैदिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दै त्यसरी सभामा उपस्थित भई आफ्नो मन्तव्य राख्न तथा मतदान गर्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै बिहान १० बजे देखि दिनको ४ बजे भित्र info@nlgi.com.np इमेल गरी वा ९८४१७७५६२० मा फोन गरी आफ्नो नाम र इमेल ठेगाना टिपाउनु पर्नेछ। शेयरधनी महानुभावहरुलाई सभाको Meeting ID र Password कम्पनीको website मार्फत उपलब्ध गराईनेछ। सभा शुरु हुनुभन्दा १ घण्टा अगावै virtual zoom meeting गरिनेछ। आफ्नो शेयरधनी नम्बर वा अभौतिकीकरण खाता (DMAT Account) को विवरण (BOID Statement) प्रस्तुत गरेपछि मात्र सभामा भाग लिन पाईनेछ।

८. सभा सम्बन्धि अन्य कुनै जानकारीको लागी कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, पानीपोखरी (लाजीम्पाट) मा सम्पर्क राख्नु हुन अनुरोध छ।

एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड

सबैको सुरक्षा, एनएलजीको ईच्छा

GPO Box: 20600, Panipokhari, Lazimpat, Kathmandu, Nepal
Phone: 4418113, 4006625, Fax: 977-1-4416427,
email: info@nlgi.com.np, nlgi@mail.com.np,
www.nlg.com.np, Toll Free No.1660-01-99099

3x26